च.नं.३६६/०८३/०८४

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान,धरानको

आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मिति:२०८३/०४/२९ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका)

यस प्रतिष्ठानको अस्पताल तर्फका विभिन्न वार्डहरू आदिका लागि स्टाफ नर्स पद स्थायी पदपूर्ति नहुन्जेलसम्मको लागि १ वर्षको करार सेवामा पदपूर्ति गर्नुपरेको हुंदा देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, नेपाल नर्सिङ्ग काउन्सिलको दर्ता प्रमाणपत्रको (म्याद कायम रहेको) प्रमाणित प्रष्ट बुझिने Scan Copy संलग्न गरी सूचना प्रकाशित मितिले २१ दिनभित्र प्रतिष्ठानको Web Site: vacancy.bpkihs.edu मा उल्लेख भए बमोजिम Online आवेदन दिन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

(क) पद, आवश्यक संख्या तथा न्यूनतम योग्यता:

क्र.सं.	पद	कुल संख्या	न्यूनतम योग्यता
१.	स्टाफ नर्स	१३५	मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उतिर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको ।

(ख) सेवाको किसिम :करार सेवा

(ग) परीक्षाको किसिम :लिखित र अन्तर्वार्ता परीक्षा ।

(घ) लिखित परीक्षा मिति :मिति २०८३।०६।१० गते शनिबार, बिहान १०:०० बजे देखि

(ङ) परीक्षाको अंकभार :लिखित परीक्षा ७५% र अन्तर्वार्ता परीक्षा २५% हुनेछ (लिखित परीक्षा १०० पूर्णाङ्कको हुनेछ)

(च) उमेरको हद :दरखास्त फारम भर्ने अन्तिम मिति सम्ममा पुरूषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको हुनुपर्छ ।

१। तलव तथा अन्य सुविधा प्रतिष्ठानको नियमानुसार हुनेछ ।

२। सरकारी वा गैह्र सरकारी कार्यालय, शिक्षण संस्थामा काम गरिरहेका उम्मेद्वारहरूले सम्बन्धित कार्यालयको विभागिय स्वीकृति अनिवार्य पेश गर्नु पर्नेछ ।

३। दरखास्त फारम तथा परीक्षा दस्तुर: रू.१,५००/०० लक्ष्मी सनराइज बैंक लिमिटेड, धरानको चल्ती खाता नं.००३१०२५१४७७०१८ मा जम्मा गरेको भौचरको Scan Copy गर्नुपर्नेछ ।

४। दरखास्त भर्ने अन्तिम मिति: २०८३।०५।१८ गते तथा दोब्बर दस्तुर तिरी मिति २०८३।०५।२५ गते सम्म ।

५। अन्तर्वार्ता परीक्षा मिति पछि प्रतिष्ठानको website मार्फत प्रकाशन गरिनेछ ।

६। थप जानकारीको लागि प्रतिष्ठानको वेव साइट www.bpkihs.edu, सूचना पाटी साथै प्रतिष्ठानको कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्नुहोला वा Email Id.: vacancy@bpkihs.edu मा जानकारी गराउनु होला ।

७। बिदेशी विश्वविद्यालयबाट उत्तिर्ण गरेका उम्मेद्वारहरूको हकमा अनिवार्य रूपमा समकक्षता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

८। Submit गरेको Online Form स्वीकृत वा अस्वीकृत भएको जानकारी सम्बन्धितको E-mail मा प्राप्त हुनेछ । साथै admit card user Id बाट download गरी print गर्न सकिने छ । बिज्ञापन सम्बन्धि केही संशोधन भएमा सोको समेत प्रतिष्ठानको website मार्फत नै जानकारी गराइने छ । Online application सम्बन्धमा जानकारी आवश्यक परे ९८४२०३१००५ मा सम्पर्क गर्न सकिने छ ।

९। प्रतिष्ठानमा आवासको सुविधा उपलब्ध हुनेछैन ।

का.मु. सह-रजिस्ट्रार